# छत्रेश्वरी गाउँपालिका

## भोटेचौर, सल्यान

## वार्षिक नीति तथा कार्यक्रम

आ.ब. २०७७।७८

२०७७ साल असार १० गते बुधबार

# छत्रेश्वरी गाउसभाको आठौं बैठक २०७७ साल आसार १० गते

## अध्यक्ष श्री संतोष के.सी. ज्यु द्धारा

## प्रस्तुत गर्नुभएको

## आर्थिक वर्ष २०७७।७८ को

## बार्षिक नीति तथा कार्यक्रम

छत्रेश्वरी गाउपालिका,

सल्यान

**छत्रेश्वरी गाउँपालिकाको आठौं गाउँ सभाको**

**सम्मानित र गरिमामय सदनमा उपस्थित सदस्यज्युहरु ।**

नेपालको ऐतिहासिक युगान्तकारी परिबर्तन पश्चात सार्वभौम शक्ति र अधिकार सहितको समावेशी एवं समृद्ध राष्ट्र निर्माणको अभियानमा यस गाउँपाकिाबासीको पनि विशिष्ट योगदान रहने स्मरण गर्दै हाम्रो गाउँपालिकाको अर्थिक सामाजिक जनजिवन रुपान्तरण सँग जोडिएको वार्षिक नीति कार्यक्रम तथा बजेट यस सम्मानित सदनमा प्रस्तुत गर्न पाउदा आफुलाई गौरवाम्वित महसुस गरेको छु । मुलुक परिर्वतनका लागी जीवन वलिदान गर्ने सम्पुर्ण महान सहीदहरु, जनआन्दोलनका घाइतेहरु, द्वन्द्वपीडितहरु तथादेशमा लोकतान्त्रिक गणतन्त्र तथा संघीयता स्थापनागर्न अहमभुमिका खेल्ने सम्पुर्ण व्यक्तिहरुलाई स्मरण गर्न चाहन्छु ।

कोभिड १९ का कारण सम्पुर्ण विश्वमा संकट उत्पन्न भैरहेको यस विषम परिस्थितीमा महामारीको सामना गर्न अग्रपंत्तीमा खटिनु भएका सम्पुर्ण स्वास्थ्य कर्मी, सुरक्षाकर्मी, एम्बुलेन्स चालक तथा राष्ट्रसेवक कर्मचारी तथा सबै जनप्रतिनिधीहरुमा उच्च प्रशंसा व्यक्त गर्दछु । यस बिषम परिस्थितीमा गाँउपालिकालाई सहयोग गर्ने सम्पुर्ण सरकारी, गैरसरकारी संघ सस्था बैंक तथा वित्तिय सस्था, सहयोगी व्यक्ति तथा कोभिड १९ सँग जुध्न साथ दिनुहुने सम्पुर्णमा हार्दिक आभार व्यक्त गर्दछु ।

साथै कोभिड १९ का कारण विश्वभर संक्रमणमा रहनु भएका विरामीहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दै ज्यान गुमाउनु हुने स्वदेशी तथा विश्वभरका व्यक्तिहरु प्रती समवेदना व्यक्त गर्दछु ।

यस सम्मानित सदनमा छत्रेश्वरी स्थानीय सरकारको चालु आ.व.२०७६।७७ मा रहेको नीति तथा कार्यक्रमको छोटो समिक्षा प्रस्तुत गर्ने अनुमती चाहन्छु ।
गाउँपालिकाको सडक पुर्वाधार निर्माणका सन्दर्भमा पृथक अभ्यासका साथ हामी अगाडी बढिरहेको कुरा यहाँहरु सबैलाई अवगत नै छ । यस चालु आ. व.मा पनि एउटा स्काभेटर खरिद गरी सडक पुर्वाधार विकासको क्षेत्रमा २ वटा स्काभेटर २ वटा व्याकहो लोडर र १ वटा टिप्पर पुर्ण रुपमा परिचालन गरिएको छ । विशेष गरि यस वर्ष गाउँपालिकाको गौरवको योजनाको रुपमा शंखमुल जयचौर खर्सबास सडक निर्माणलाई तिव्रता दिइएको छ भने लान्ती लेखपोखरा दामाचौर सडक र शंखमुल जिताठान पानीखोला सडक बाह्रै महिना संचालनको प्रयास गरिएको छ ।
चालु आ.व. को उत्तरार्धमा विश्व मानव जगतलाई चुनौति दिने गरि फैलिएको कोरोना भाइरसको प्रभावले यस गाउँपालिकाको पनि थुपै विकास निर्माण लगायतका कामहरु अस्तव्यस्त पारेको कुरा यहाँहरुलाई विदितै छ । महामारीको यस समयमा जनताको जिउ ज्यानको सुरक्षा दिलाई स्थानीय सरकारको प्रत्याभुत गराउन गाउँपालिकाको स्रोत साधन लाई उच्चतम परिचालन गरियो । यस अवधीमा गाउँपालिकाका ८ स्थानमा क्वारेन्टाइन संचालन गरी देशभित्र र बाहिरका जम्मा ५६१ जना व्यक्तिहरुलाई करिब १४ दिन देखि २७ दिन सम्म बस्ने व्यवस्था मिलाइएको थियो र यो कार्य निरन्तर रहेको छ । क्वारेन्टाइनमा बसेका व्यक्तिहरुलाई गाउँपालिकाले आफ्नै खर्चमा RDT परीक्षण तथा PCR परीक्षण गरी घर फर्काउने गरिएको छ । विपदको यस घडिमा कोरोना भाइरसको रोकथाम तथा नियन्त्रणका लागी भएको सबै पक्षको एकताबद्ध प्रयासका लागी हार्दिक सह्रना गर्न चाहन्छु।

समाजमा पछी परेका वर्ग, क्षेत्र, लिङ्ग, समुदायका व्यक्तिहरुलाई शसक्तीकरण गर्न जागरणमूलक कार्यक्रम, आय आर्जन तथा सीपमूलक कार्यक्रम, क्षमता विकास एवं रोजगारी सृजनाका कार्यक्रम, जेष्ठ नागरिक सम्मान एवं अनुभव आदान प्रदान कार्यक्रम, सीप विकास तालिम तथा लक्षित वर्गको सहभागीतामा हरेक विकास निर्माणका कार्यक्रम सञ्चालन गरिएको छ ।

७ वटै वडाहरुमा सुरक्षित प्रसुती सेवा विस्तार गर्ने गत वर्ष देखिकै नीति अनुसार वडा नं २, ३ र ७ मा बर्थिङ सेन्टर संचालनका लागी व्यवस्थापकीय कार्य अन्तिम चरणमा रहेको छ।

गाउँपालिकाकै ठुला योजनाका रुपमा कार्यान्वयनमा रहेका पन्नेताल खानेपानी योजना, ज्यामिरे खानेपानी योजना शंखपार्क निर्माणको निर्माण कार्य यस वर्ष पनि निरन्तर रहयो ।

विद्युत विस्तार सम्बन्धी वडा नं ४, ५ र ६ का ठुला योजनाहरु हाल निर्माणको चरणमा रहेका छन ।

गाँउपालिका भित्र उत्पन्न प्रकोपको नियन्त्रण गर्न पालिकामा प्रकोप व्यवस्थापन समिति स्थापना गरिनुका साथै प्रकोप नियन्त्रणका लागी नेपाली सेनाद्धारा प्रकोप व्यवस्थापन प्रशिक्षण लिइएको र नेपाली सेनाद्धारा संकटको समयमा आवस्यक पर्ने राहत तथा मानविय सहायताका लागी वडा नं. ७ मा हेलिप्याडको स्थापना गरिएको छ ।

धार्मिक साँस्कृतिक एंव पर्यटकीय हिसाब महत्व बोकेका छत्रेश्वरी मन्दिर विकास गुरु योजना, खडक देवी मन्दिर गुरु योजना, बुराँसे युद्ध पर्यटन गुरु योजना विस्तृत परियोजना प्रतिबेदन तयार गरिएको छ ।

यस सम्मानित सदनमा छत्रेश्वरी स्थानीय सरकारको आगामी आ.व.२०७७।७८ मा अवलम्बन गरिने नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

**१. <u>कृषि तथा पशुपालन सम्बन्धी नीति</u> :**

१.१.कृषि क्षेत्रको व्यवसायिकरण विविधिकरण, आधुनिकीकरण तथा यन्त्रिकरणका माध्यामबाट कृषिजन्य उत्पादन र उत्पादकत्व बृद्धिका कार्यक्रमहरु गरिनेछ ।

१.२.कृषि व्यवसाय प्रर्वद्धनका लागी बीउ विजन, मलखाद, कृषि औजारको खरिद र कृषिजन्य उत्पादनको ढुवानीमा अनुदनको व्यवस्था गरिनेछ ।

१.३. गाउँपालिका भित्र कृषि तथा पशुपालनका सम्भावित क्षेत्रको पहिचान गरी सामुहिक खेति प्रणाली, बाख्रापालन भैसीपालन, फलफुल तथा तरकारी उत्पादन लगायतका क्षेत्रमा युवाहरुको आक्रर्षण गरी स्वरोजगारी सृजना गर्ने नीति अवलम्बन गरिनेछ ।

१.४.**"उत्पादनमा प्रोत्साहन, उत्कृष्ट कृषकलाई सम्मान"** भन्ने अभियानका साथ यस वर्ष कृषि क्षेत्रमा उत्कृष्ट कार्य गर्ने कृषकलाई सम्मान तथा पुरस्कारको व्यवस्था मिलाईने छ ।

१.५.कृषि तथा पशुपालन सम्बन्धी नविन ज्ञान सिप तथा प्रविधिको विकास गर्न अगुवा कृषक पहिचान गर्ने,कृषकको मागमा आधारित विभिन्न तालिम गोष्ठी तथा सम्भव भए सम्म कृषि भ्रमणको आयोजना गर्ने लगायतका कार्यमा उचित बजेट ब्यवस्था गरिने छ ।

१.६. सुन्तला उत्पादनका लागी पकेट क्षेत्रका रुपमा रहेका स्थानहरुमा सुन्तला जुस फ्याट्री र सुन्तला भण्डारण तथा चिस्यान केन्द्र स्थापना गर्न प्रदेश सरकार सँग आवश्यक सहकार्य गरिनेछ ।

१.७ यस गाउँपालिकाका धेरै क्षेत्रहरु गाई तथा भैसी पालनका लागी उपयुक्त स्थान भएकाले दुग्ध उत्पादन केन्द्रको स्थापना तथा बजारीकरणका लागी पहल गरिनेछ ।

१.८ टिम्मुर तथा अदुवाको उत्पादन पकेट क्षेत्रको विस्तार तथा यसको व्यावसायीकरणमा जोड दिई टिम्मुर तथा अदुवाको उत्पादन तथा प्रशोधन केन्द्र स्थापनामा पहल गरिनेछ ।

१.९ गाँउपालिका भित्रको खाली जमिनलाई खनजोत गरी कृषी योग्य भूमीको पूर्ण उपयोग गरी कृषी उत्पादनमा जोड दिइने छ । रासायनिक मल, उन्नत बीउको आपुर्ती तथा वितरण, कृषी औजार, उन्नत जातका ब्याड, पशुजन्य उत्पादनमा सुधारका लागी वास्तविक कृषकलाई सरल ढंगले उत्पादनमा अनुदानको व्यवस्था गर्दै सिँचाईको अभाव रहेका भुमीमा सिँचाईको व्यवस्था गर्ने नीति लिइने छ ।

१.१० उपयोग विहिन सार्वजनिक जमिनमा फलफुल र अन्य विरुवा रोप्ने संरक्षण गर्ने, निजी, बाँझो जग्गा, खेतवारीका कान्ला  र आलीमा समेत दलहन, तरकारी, फलफूल र अन्य विरुवा लगाउन आम कृषकलाई अभिप्ररित गरिने छ। अर्गानिक कृषी उत्पादनलाई प्रोत्साहन गर्ने नीति लिइने छ।

१.११ प्रत्येक वडामा पशु तथा कृषि सेवा केन्द्र विस्तार गरी कृषकलाई प्राविधिक सहायता प्रबर्द्धन गरिने छ।

**२.<u>लघु उद्यम विकास सम्बन्धी नीति</u> :**

२.१.स्थानीय स्रोत साधन र सिपको प्रयोग गरी उद्यमसिलता विकासका माध्यमबाट रोजगारी सृजना र आत्मानिर्भरता सुनिश्चित गर्न लघु उद्यम विकास कायक्रमलाई प्रत्येक वडा कार्यालय मार्फत अभियानका रुपमा संचालन गरिने छ।

२.२.स्थानीय स्तरमा भएको स्रोत साधनको अधिकतम परिचालन हुने गरी स्थानीय मागमा आधारित उद्यमसिलता प्रर्बद्धन सम्बन्धी छोटो तथा लामो अवधीका तालिम तथा सिकाई कक्षाहरु संचालन गरिने छ।

२.३.लघु उद्यमसिलता सम्बन्धी तालिम हासिल गरी व्यवसायिक उत्पादनमा अग्रसर हुने उद्यमीलाई समकक्षता निर्धारण गर्न आवश्यक सहयोग गरिनेछ। साथै त्यस्ता उद्यमीलाई गाउँपालिकाबाट विशेष प्रोत्साहनको नीति अवलम्बन गरिने छ।

२.४.बैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुलाई कृषि तथा अन्य उद्यमसील कार्यमा व्यवसायिक रुपमा स्थापित गर्न गाउँपालिकाबाट प्रोत्साहनका कार्य संचालन गरिनेछ।

२.५ गाउँपालिकामा साना, मझौला तथा ठुला प्रकृतिका उद्योग स्थापना तथा संचालनका लागी विशेष प्रोत्साहन गर्ने नीति अवलम्बन गर्ने नीति लिइनेछ।

**३.<u>खानेपानी तथा सिचाई सम्बन्धी नीति</u> :**

३.१.पन्नेताल खानेपानी आयोजना र ज्यामिरे खानेपानी आयोजना गाउँपालिकाका गौरवका खानेपानी आयोजनाका रुपमा बहुवर्षिय ठेक्का प्रकृया मार्फत निर्माण कार्य शुरु भएकोले उक्त आयोजनामा बजेट अभाव नहुने गरी यसै वर्ष सम्पन्न गर्ने गरी बजेट व्यवस्था मिलाईने छ।

३.२.वडा नं ५ को लेखपोखरा बृहत खानेपानी आयोजनाको निर्माण कार्यका लागी कर्णाली प्रदेश सरकार सँग आवश्यक सहकार्य गरिने छ।

३.३. गाउँपालिकाको खानेपानी अभाव भएका सबै क्षेत्रमा खानेपानी योजना संचालनका लागी बजेट व्यवस्था गरिने छ।

३.४. दमाचौर खानेपानी योजना र लान्ती खानेपानी योजनाको विस्तृत परियोजना प्रतिबेदन तयार भई सकेको छ भने यसै वर्ष देखि संघिय सरकारको विशेष अनुदान सहयोगमा संरचना निर्माण कार्यलाई अगाडी बढाईने छ।

३.५.गाउँपालिकाका विभिन्न स्थानमा रहेका सिचाई कुलो तथा नहरको निर्माण स्तरोन्नतिका लागी गाउँपालिकाबाट बजेट विनियोजन गरिने छ। साथै ठुला प्रकृतिका सिचाई योजना संचालनका लागी प्रदेश तथा संघिय सरकार सँग आवश्यक सहकार्य गरिने छ।

**४.लक्षित विकास तथा सामाजिक समाबेशीकरण सम्बन्धी नीति :**

४.१.समाजमा व्याप्त विभेद असमानता अन्धविश्वास कुप्रथा बालविवाह बहुविवाह महिला हिंसा लगायतका कुरीति कुसंस्कारको अन्त्य गरी समतामुलकर सामाजिक न्यायमा आधारित समाज निर्माणका लागी आमा समुहको जागरण, स्वास्थ्य स्वयंसेविकाको परिचालन, बाल क्लवहरुको गठन तथा परिचालन, किशोरी शिक्षा, बालबिवाह न्युनिकरणका लागी स्थानीय पुरोहित प्रशिक्षण लगायतका कार्यक्रम मार्फत सचेतना अभियान संचालन गरिने छ ।

४.२.दलित, महिला, बालबालिका तथा अपाङ्गता भएका व्यक्ति लगाएतका लक्षित वर्गको मौलिक तथा संबैधानिक अधिकारको प्रत्याभुत गर्न आय आर्जनमुलक तथा सिपमुलक कार्यक्रम मार्फत क्षमाता विकास एवं रोजगारी सृजनाका कार्यक्रम संचालन गरिनेछ ।

४.३.**"जेष्ठ नागरिकको सम्मान, परम्परागत ज्ञान सिप र अनुभवको हस्ताणतरण** " भन्ने मुल अभियानका साथ जेष्ठ नागरिक सम्मान, अनुभव आदान प्रदान तथा सहुलियतका कार्यक्रम संचालन गरिने छ ।

४.४.टुहुरा अनथ असाह्य एवं जोखिम युक्त बालबालिकाहरुलाई उचित बैकल्पिक संरक्षण तथा व्यवस्थापनका लागी पहल गरिने छ ।

४.५.महिला, दलित, आदिबासी जनजाति लगायतका दक्षित समुदायलाई सिप बिकासका माध्यमबाट व्यावसायिक रुपमा स्थापित हुन लामो अबधिका तालिम संचालन गर्न प्रत्यक वडालाई क्रियाशिल गराइनेछ ।

४.५स्थानीय स्तरमा लोपोन्मुख अवस्थामा रहेका कला, साँस्कृति, भाषा, नाच गान आदिको संरक्षण संम्बर्द्धन गर्ने निति लिईनेछ ।

४.६ लक्षित वर्गको विशेष सिप, कला, संस्कृति तथा क्षमाता विकासका कार्यक्रम सम्बन्धीत समुदायको प्रत्यक्ष सहाभागीतामा प्रत्येक वडामा संचालनको गर्ने निति लिईनेछ ।

**५.बन, बातावरण तथा विपद व्यवस्थापन सम्बन्धी नीति :**

५.१.हाम्रो यस गाउँपालिका बाढि पहिरो आगलागी लगायतका विपदको उच्च जोखिममा रहेकोले विपद पुर्व रणनितिक योजना निर्माण, प्रतिकार्य योजना निर्माण एवं उद्धार खोज र राहत वितरण कार्यलाई तदारुपताका साथ संचालन गरिनेछ । सामुदायिक बन क्षेत्रबाट भएको आम्दानीको २५ प्रतिशत रकम प्रकोप नियन्त्रण तथा न्युनिकरणमा खर्च गर्ने व्यवस्था मिलाइनेछ ।

५.२.विपदको उच्च जोखिम रहेको क्षेत्रको बसोवासलाई उचित स्थानमा व्यवस्थापन गर्ने तथा विपद न्युनिकरण सम्बन्धी सचेतिकरण कार्यमा जोड दिइनेछ ।

५.३.बन तथा बातावरण संरक्षण, बृक्षारोपण, तटबन्ध निर्माण जस्ता कार्य स्थानीयको सहभागीता संचालन गरिने छ ।

५.४.समुदायिक बनको संरक्षण व्यवस्थापन तथा संचालनका लागी आवश्यक क्षमाता विकासका कार्यक्रम संचालन गरिने छ ।

५.५ कोभिड १९ जस्ता महामारीजन्य विपदको समयमा तत्काल रोकथाम तथा उपचारको लागी सबै वडा तथा गाउपालिकामा जनप्रतिनिधी तथा कर्मचारी सम्मिलित विशेष संयन्त्रको निर्माण गरी क्षमाता विकास गरिने छ ।

**६.सडक यातायात तथा पुर्वाधार विकास सम्बन्धी नीति :**

६.१.गाउँपालिकाको गौरवका सडक योजनाका रुपमा रहेका शंखमुल-जयचौर-खर्सुबास र शंखमुल-जिताठान-तुसारे सडकको निर्माण तथा स्तरोन्नति गर्न गाउँपालिकाका मेशिनरी औजार (स्काभेटर, ब्याकहो लोडर) अधिकत्म परिचालन गरिने छ ।

६.२.लान्ती-लेखपोखरा-दमाचौर सडकलाई स्तरोन्नति गरी कालोपत्रे गर्नका लागी संघिय सरकार सँग मिलेर कार्य गर्ने निति लिइने छ ।

६.३.गाउँपालिकाका अन्य सहायक बाटाहरु बर्षातको समयमा नरोकिने र जनताको आवत जावत सहज बनाउन आवश्यकता अनुसार मेशिनरी औजार परिचालन गरिनेछ ।

६.४.गाउँपालिकाका सबै महत्वका सडकको बर्गिकरण सहित प्राथमिकता निर्धारण गर्न यसै वर्ष सडक गुरु योजना बनाइने छ ।

६.५.गाउँपालिकाका मुख्य सडक तथा सहायक सडकको मापदण्ड तोकी सडक निर्माणका क्रममा कडाईका साथ लागु गरिने छ ।

६.६. गाउँपालिकाका तपसिलका सडकहरु एउटा वडा देखि अर्को वडा जोडने बाटो भएकोले विशेष प्राथमिकता निर्धारण गर्ने नीति लिइनेछ ।

१) लेखपोखरा- झिम्पे सडक २) लान्ती- रानागाउँ-तुसारे सडक

३) कुटी-न्याय खर्क-गोगनेरी सडक ४) ठुली खर्क- लेखपोखरा सडक

५) दह खोला- खर्सुबास-जथाक ६) झांखानी-आकासी-त्रिबेणी जोडने सडक

७) साङकोट-कोट-खैराबाङ

६.७ लेखपोखरा एयरपोर्ट स्थापनाका लागी पुर्व सम्भाभ्यता अध्यायनको कार्य सम्पन्न भई सकारात्मक प्रतिबेदन पेश भएकोले भविष्यमा विस्तृत अध्यायन प्रतिवेदन तयार गरी सल्यान जिल्लाको गौरवको रुपमा रहेको एयरपोर्ट स्थापनाका लागी प्रदेश सरकार र संघिय सरकार सँग सहकार्य गरिनेछ ।

**७.शिक्षा युवा तथा खेलकुद सम्बन्धी नीति :**

७.१.माध्यामिक तह सम्मको शिक्षा व्यवस्थापन तथा संचालन गर्ने जिम्मेवारी स्थानीय सरकारको भए संगै यसको प्रभावकारीता बृद्धि गर्न शिक्षा ऐन, नियामावली तथा आवश्यक अन्य कानुनी प्रबन्धहरुको व्यवस्था गरिने छ ।

७.२.विद्यालय शिक्षाको व्यवस्थापकीय एंव शैक्षिक गुणस्तर सुधारका लागी अधिकतम श्रोत साधनको परिचालन गरिनेछ ।

७.३.सबै माध्यामिक विद्यालयहरु तथा नमुना विद्यालयहरुलाई प्रबिधियुक्त बनाई शिक्षण सिकाई लाई प्रबिधिमैत्री बनाउन सम्भव भए सम्म स्थानीय सरकार प्रदेश सरकार र सघिय सरकारको साझेदारीमा कार्य गरिने छ ।

७.४गाउँपालिका भरी नै सबै किसिमका परीक्षा प्रणालीलाई एकरुपता ल्याइनेछ । विद्यालयको निरन्तर अनुगमनमा जोड दिइनेछ ।

७.५.शैक्षिक गुणस्तर सुधारका लागी शिक्षकको पेशागत क्षमाता विकास तालिम, निरन्तर प्र.अ. बैठक तथा छलफल, अनुगमन नियन्त्रण जस्ता कार्यलाई थप प्रभावकारी बनाई लिइनेछ ।

७.६."**स्वास्थ्यका लागी खेलकुद राष्ट्रका लागी खेलकुद"**भन्ने राष्ट्रिय मुल नारालाई आत्मासाथ गर्दै खेल प्रेमी युवाहरुलाई लक्षित गरी सबै वडाहरु, सबै विद्यालयहरु तथा गाउँपालिकामा खेलकुद सामाग्री वितरण, खेल मैदान निर्माण तथा खेलकुद प्रतियोगिताको आयोजना जस्ता कार्य संचालन गरिनेछ । गाउँपालिकाको केन्द्र रहेको स्थानमा एउटा नियमित स्वास्थ्य व्यायाम र खेलकुदहरु खेल्न सक्ने सुविधायुक्त कर्वड हल स्थापनाका लागी पहल गरिनेछ ।

७.७. प्रत्येक वडामा न्युनतम एउटा मा.वि. संचालन गर्ने अवधारणा अनुसार वडा नं ७ मा माध्यामिक विद्यालय स्थापनाका लागी आवश्यक आवश्यक पुर्वाधार तयार भई भवन निर्माण कार्य भई रहेकाले निकट भविष्यमा नै संचालनका लागी पहल गरिने छ ।

७.८.शारदा क्याम्पस शंखमुल गाउँपालिकामा स्नात्तकोत्तर सम्मको शिक्षा हासिल गर्न सकिने एकमात्र संस्था भएकोले यसलाई शैक्षिक हवका रुपमा विकास गर्न पुर्वाधार विकास तथा व्यवस्थापकीय पक्षमा सुधार गरिनेछ ।

७.९. बिद्यालय तथा शिक्षण संस्थाहरुको नक्साङकन गरी भुगोल र न्यूनतम विद्यार्थी संख्याको आधारमा समायोजन गर्ने केन्द्र सरकारको नीतिलाई कार्यान्वयन गर्न समन्वय तथा तयारी गरिने छ । गाँउपालिका भित्रका स्थायी, अस्थायी, राहात लगायतका सम्पुर्ण दरवन्दी मिलानको कार्य गरिने छ ।

**७.१०**माध्यामिक तह सम्मको शिक्षामा प्राविधिक धार तर्फको पठनपाठनलाई विशेष प्राथमिकताका रुपमा संचालन गरिनेछ ।

७.११.खेलकुद प्रतिको आम युवाहरको आकषणलाई मध्यनजर गरि एक वडा एक खेलकुद मैदान निर्माणमा जोड दिइने छ ।

**८.<u>स्वास्थ्य तथा सरसफाइ सम्बन्धी नीति</u> :**

८.१.रोग लागेर उपचार गर्नु भन्दा रोग लाग्न नै दिन हुदैन (Prevention Is better than cure ) भन्ने मुल अभिप्रायका साथ स्वास्थ्य सम्बन्धी प्रवर्द्धनात्मक कार्यक्रमलाई प्रभावकारीताका साथ संचालन गरिने छ ।

८.२.स्वास्थ्य संस्थाहरुबाट दिइने सेवा लाई थप प्रभावकारी र नागरिक मैत्री बनाईने छ । संस्थागत क्षमाता विकास, स्रोत साधनको प्रयाप्त व्यवस्था उचित जनशक्ति व्यवस्थापनको कार्यलाई विशेष जोड दिइनेछ । प्राथमिक स्वास्थ्य केन्द्र लेखपोखरामा आधुनिक मेडिकल उपकरण र विषेशज्ञ चिकित्सकको नियमित व्यवस्थाका लागी पहल गरिनेछ ।

८.३.एम्बुलेन्स सेवालाई २४ सै घण्टा उपलब्धताको व्यवस्थाका साथै पिडित तथा अति विपन्न समुदायमा सहुलियतको व्यवस्थालाई निरन्तरता दिइनेछ । एम्बुलेन्स सेवालाई  वडा नं २,३ र ७ सम्म विस्तार गरिनेछ ।

८.४.समुदायिक स्वास्थ्य संस्थालाई पुर्वाधार विकास तथा सेवा विस्तारमा स्तरोन्नतिका लागी पहल गरिनेछ । आगमी वर्ष देखि नै सामुदायिक स्वास्थ्य संस्थामा क्रमशः बर्थिङ सेन्टर संचालन गरिनेछ ।

८.५.स्वास्थ्य जागरण तथा सचेतनाका लागी स्वास्थ्य आमा समुह र स्वयं सेविकाहरुको परिचालन गरिनेछ ।

८.६.जेष्ठ नागरिकको बृद्धा अवस्थामा हुने स्वास्थ्य समस्या र असक्तताालाई मध्यनजर गर्दै गाउँपालिकाबाट जेष्ठ नागरिकको सामान्य स्वास्थ्य जाँचका लागी घरदैलो उपचार सेवा संचालन गरिनेछ

८.७ गाँउपालिकालाई काभिड-१९ महामारीबाट बचाउनु गाँउपालिकाको पहिलो प्राथमिकता भएको छ । यस महामारीको रोकथाम नियन्त्रण तथा उपचारका लागी अपनाउनु पर्ने स्वास्थ्य सजगताका व्यवस्थाहरुको पालना गराउन सबै क्षेत्र वर्ग एवं समुदायको परिचालन गरिनेछ । संक्रमणको परिक्षणको दायरा बढाउन प्रदेश तथा संघिय

सरकार सँग समन्वय गरिने छ। महामारीको समयमा आवश्यक औषधी, उपकरण र चिकित्सक लगायतका स्वास्थ्य कर्मीहरुको पर्याप्त व्यवस्था सहित परिचालनका लागी पहल गरिने छ।

८.८.कोभिड-१९ पछिको थप रणनीति र कार्ययोजना तयार गरी उद्धार राहत तथा पुनस्थापनाका कबिशेष कार्यक्रम सञ्चालन गरिने छ। महामारीका कारण रोजगारी गुमाएका श्रमिक, साना किसान, असहाय व्यक्ति, गरिब तथा विपन्न वर्गका परिवारलाई लक्षित गरी स्वास्थ्य, शिक्षा, सीप विकास तालिम  र रोजगारी एवं आय आर्जन सम्बन्धी कार्यका लागी प्रोत्साहन गरिने छ।

८.९. **निरोगी नेपाल निर्माण** संघीय सरकारको मूल स्वास्थ्य नीति रहेकोले प्रकृती मैत्री स्वच्छ जीवन प्रणाली प्रवर्द्धन गरी गाँउपालिकाका बासिन्दाको रोग प्रतिरोधी क्षमता बृद्धी गर्न आयुर्बेद तथा एलोपेथिक उपचार बिधीलाई अवलम्वन गरी सबै नागरिकको पहुँच योग्य गराइने छ।

८.१०.आयुर्बेद, होमियोप्याथी एवं प्राकृतिक चिकित्सा पद्धतीको प्रवर्द्धनमा जोड दिईने छ। गाँउपालिका बासीलाई योगाभ्यास, शारीरिक व्यायाम सहितको जीवन पद्दती अपनाउन प्रेरित गरिने छ। नेपाल सरकारको स्थानीय तहका वडाहरुमा व्यायामशाला, आरोग्य केन्द्र र योग केन्द्रहरुको स्थापना गर्ने नीतिलाई आवश्यक सहकार्य गरिने छ।

८.११.कोभिड १९ को संक्रमण जोखिम रोकथाम तथा नियन्त्रणका लागी भारत तथा तेस्रो मूलुकबाट आउने नागरिकहरुको सुरक्षित आवागमनको व्यवस्था मिलाइने छ। साथै त्यस्ता व्यक्तिहरुलाई तोकिएको अवधि सम्म बस्ने खानेको उचित प्रबन्ध सहित मापदण्ड अनुसारका हेल्थ डेस्क तथा क्वारेन्टिन गृहको स्थापना गरिने छ।

**९.सहकारी तथा गरिबी निवारण सम्बन्धी नीति :**

९.१.स्थानीय स्तरमा छहरिएर रहेको श्रम सिप र पुजिँलाई परिचालन गरी आय आर्जन बृद्धि, रोजगारी सृजना गरी गरिबी निवारणमा सघाउन सहकारी संस्थाहरुको अहम भुमिका रहने भएकोले सहकारीतामुलक विकास लाई प्रोत्साहन गर्ने नीति लिईनेछ।

९.२.सहकारी संस्थाहरुको स्थापना व्यवस्थापन नियमन लाई प्रभावकारी बनाउन सहकारी संचालन सम्बन्धी ऐन तथा कानुनको व्यवस्था गरिनेछ।

९.३. स्थानीय रोजगारी सृजना, सुरक्षित बैदेशिक रोजगारीका माध्यामबाट गरिवी निबारणका लागी संघिय सरकार द्धारा संचालित प्रधानमन्त्री रोजगार कार्यक्रम तथा सुरक्षित आप्रवास परियोजना जस्ता कार्यक्रमको प्रभावकारी कार्यान्वयन गरिनेछ।

**१०.पर्यटन सम्बन्धी नीति :**

१०.१.छत्रेश्वरी गाउँपालिकालाई आन्तरिक तथा बाह्य पर्यटनको गन्तव्य स्थल बनाउन धार्मिक, प्राकृतिक तथा कृषि पर्यटनलाई विशेष जोड दिइने छ।

१०.२.छत्रेश्वरी मन्दिरको पर्यटकीय महत्वलाई विश्वव्यापी बनाउन शंखमुलमा शिब पार्वतिको मुर्ति सहितको शंखपार्क निर्माण कार्यलाई यसै वर्ष सम्पन्न गर्ने गरी तदारुपताका साथ निर्माण कार्य अघि बढाइने छ ।

१०.३.शंखमुल देखि मन्दिर सम्मको बाटो कालो पत्रे बनाउन प्रदेश र संघिय सरकार सँग सहकार्य गरिनेछ ।

१०.४.सल्यान जिल्ला कै अग्लो जथाक पाथीभरा लेकमा पर्यटकीय सम्भावना बृद्धि गर्न जथाक पाथीभरा पर्यटन गुरुयोजना निर्माण गरिने छ । साथै जथाक पाथीभरा पर्यटन पदमार्ग निर्माणका लागी प्रदेश सरकार सँग साझेदारी गरिनेछ ।

१०.५.वडा नं २ को गुराँसेमा युद्ध पर्यटन स्थल स्थापनाका लागी युद्धकालीन संरचना, भगनावशेष तथा स्मरणहरुको संरक्षण सम्वर्द्धन गरी युद्ध पर्यटन क्षेत्र निर्माणका लागी विस्तृत परियोजना प्रतिबेदन तयार भई सकेकोले यस वर्ष देखि निर्माण कार्य अगाडी बढाईने छ ।

१०.६ दमाचौरको सुन्तला खेती, टिम्मुर खेति, गरिज्युला दारिज्युलाको खाद्य तथा तरकारी बाली उत्पादन, गुराँसेको किवी खेती लगायत अन्य खेतीपातीका साथै मानिसको मन लोभ्याउने खालका प्राकृतिक सुन्दरता यहाँको पर्यटन प्रर्वद्धनको सम्भावना हो भन्ने कुरालाई ह्दयंगम गर्दै बाह्य पर्यटन आकर्षणका लागी प्रचार प्रसारमा जोड दिइने छ ।

१०.७ यस गाउँपालिकाका विभिन्न स्थानमा रहेका सात तले गुफा, खडक देवी मन्दिर, पानी खोली मन्दिर, सिद्धबाबा मन्दिर, तिन छहरी झरना, सिद्ध गुफा, चमेरे गुफा विभिन्न शिव मन्दिर तथा गुफाहरु जस्ता पर्यटकीय महत्व राख्ने स्थलहरुको खोज संरक्षण सर्म्बद्धन तथा प्रचार प्रसारमा व्यपकता ल्याइने छ ।

१०.८ गाउँपालिकाका मुख्य पर्यटकीय स्थलहरु जोडने सडक तथा पदमार्ग निर्माणलाई प्राथमिकता दिई गाउँपालिकाका सबै आकर्षक स्थानहरुको भिजिट एकै पटकमा गर्न सक्ने गरी One Root Visit को व्यवस्था मिलाइने छ । साथै गाउँपालिकाको प्राकृतिक तथा साँस्कृतिक रहन सहन भेषभुषाको झल्को दिने गरी पर्यटकको बसाई व्यवस्थापन गर्न होम स्टे (Home Stay) संचालनमा पहल गरिने छ ।

**११.सुचना, संचार विद्युतिकरण सम्बन्धी नीति :**

११.१.सुचनाको हक सम्बन्धी नागरिकको संबैधानिक अधिकारको प्रत्याभुत गर्न गाउँपालिकाका गतिविधीहरुलाई यथासक्य छिटो प्रसारण, प्रकाशनको व्यवस्था मिलाईनेछ ।

११.२.हाल सम्म पनि संञ्चार सेवाको पहुच नपुगेको वडा नं ४ मा सञ्चार सेवा पुऱ्याउन द्धन्द्धकालिन समयमा क्षतिग्रस्त साउनेपानी पाथीभरा संचार टावरको पुनःनिर्माणको लागी संघिय सरकार सँग सहकार्य गरी पहल गरिनेछ ।

११.३ गाउँपालिकाको अधिकांश क्षेत्र विद्युतिकरण हुन नसकेकोले अन्धकार अवस्थामा बस्नुपर्ने बाध्यता हटाउन क्रमशः सबै बस्तीहरुमा विद्युतिकरण गर्न लगानी बृद्धि गरिनेछ ।

**१२.संस्थागत विकास, सुशासन तथा सेवा प्रवाह सम्बन्धी नीति :**

१२.१.सार्वजनिक सेवा प्रवाहलाई स्वच्छ, निश्पक्ष, पारदर्शी, जनउत्तरदायी एबं सबै नागरिकको पहुचयोग्य बनाइनेछ ।

१२.२.नागरिकको सेवा प्रवाह सँग जोडिएका सुचनाहरु  चुस्तदुरुस्त रुपमा कार्यतालिका अनुसार प्रकाशन गर्ने व्यवस्था मिलाइने छ ।

१२.३.कर्मचारीहरुले उच्च मनोबलका साथ काम गर्ने बातावरण सृजना गर्न कर्मचारी तालिम, प्रोत्साहन एवं उत्प्रेरणाका कार्यक्रम संचालन गरिने छ।

१२.४.वडा कार्यालयको संरचना तथा पुर्वाधार विकास सहित सेवा प्रवाहलाई सुदृढ बनाइने छ। गाउँपालिका तथा वडा कार्यालयको व्यवस्थापकीय पक्षमा सुधार ल्याई प्रविधी युक्त स्रोत साधनको व्यवस्था गरिने छ।

१२.५ प्रत्येक नागरिकलाई शान्ति सुरक्षाको प्रत्याभुति गर्न सबै वडामा प्रहरी चौकी स्थापनाका लागी पहल गरिनेछ।

१२.६.गाउँपालिकाको मुख्य प्रशासनिक भवन तथा वडा कार्यालयका प्रशासनिक भवन निर्माणका लागी यस वर्ष विस्तृत परियोजना प्रतिबेदन (DPR) तयार गरी निर्माणका लागी प्रदेश सरकार र संघिय सरकार सँग सहकार्य गरिने छ।

**१३.गैरसरकारी संस्था सम्बन्धी नीति :**

१३.१.असल नियत राखी विकासमा साझेदार गर्ने गैर सरकारी संस्थालाई प्रोत्साहन गर्ने नीति लिइनेछ। गैर सरकारी संस्थालाई गाउँपालिकाको बार्षिक नीति तथा कार्यक्रम सँग आवद्ध गरी एकद्धार प्रणालीबाट लगिनेछ।

१३.२.गैर सरकारी संस्थाले आफुले गर्ने काम बजेट लगायतका आवश्यक विवरण गाउँपालिकामा पेश गर्नु पर्ने, कार्य संचालन पुर्व स्वीकृति अनुमति लिनु पर्ने र गाउँपालिकाको केन्द्रमा एउटा सम्पर्क कार्यालय खोल्नु पर्ने जस्ता व्यवस्थाहरु अनिवार्य रुपमा कार्यान्वयनमा ल्याइने छ।

**१४.गाउँपालिकाबाट बजेट विनियोजन गर्दा भौगोलिक विकटता र जनसांख्याको आधारलाई महत्वका साथ लिइने नीति अवलम्बन गरिनेछ।**

साथै आगामी आ.व. २०७७७८ को बार्षिक आम्दानी संघिय सरकारबाट प्राप्त बितिय समानिकरण अनुदान रु ९ करोड १९ लाख, शसर्त अनुदान रु १८ करोड २३ लाख, राजश्व बाँडफाँड रु ७ करोड २९लाख ३५ हजार ९ सय, विशेष अनुदान रु ३ करोड प्रदेश सरकारबाट प्राप्त वितिय समानीकरण अनुदान रु ९९ लाख ४२ हजार राजश्व बाँडफाड रु ६ लाख ८३ हजार र गत आ.व.को बचत रु ३ करोड ५० लाख र आन्तरिक आम्दानी रु ४५ लाख २० हजार गरी जम्मा रु ४२ करोड ७२ लाख ८० हजार ९ सय रहने व्यहोरा यस सम्मानीत सदनमा अवगत गराउन चाहन्छु।

अन्त्यमा यस आ.व.२०७७/७८ को नीति तथा कार्यक्रम तयार गर्दा राय सल्लाह सहयोग र सुझाव दिने राजनितिक दलका प्रतिनिधी, बद्धिजिबी, समाजसेवी,संचारकर्मी सरकारी तथा गैर सरकारी निकायहरु, नागरिक समाज, सुरक्षा निकाय आम नागरिकहरु, गाउँ सभाका सदस्य ज्युहरु तथा राष्ट्र सेवक कर्मचारीहरुको ठुलो योदान रहेको छ। यहाँहरु सवैलाई आभार एवं हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु।

**धन्यबाद**